# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, चैत्र २६ गते, २०८० साल (अतिरिक्ताङ्क ४०


## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

# आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८०

आयोजनाको बहुवर्षीय ठेक्का सहमति प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न **कोशी प्रदेश विनियोजन ऐन, २०८०** को दफा ९ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "आयोग" भन्नाले प्रदेश योजना आयोग, कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले प्रदेश सरकार अन्तर्गतका मन्त्रालय वा निकायको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका दफा ४ बमोजिमका आयोजनामध्ये बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नु पर्ने भनी पहिचान भएका, प्रदेश गौरवका आयोजना वा प्रदेश सरकारको उच्च प्राथमिकतामा परी तयारी पूरा भएका आयोजना वा त्यस्ता आयोजनाको कुनै खण्ड वा उपखण्ड सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारसँगको सहलगानीको आयोजनालाई समेत जनाउँछ।

(ग) "ठेक्का सहमति" भन्नाले बहुवर्षीय ठेक्काका लागि आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाउन आयोगबाट उपलब्ध गराएको सहमति वा स्वीकृति सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) "स्रोत सहमति" भन्नाले बहुबर्षीय ठेक्काको लागि यस मापदण्डको दफा ६ को उपदफा (१) बमोजिम सम्बन्धित मन्त्रालयको बजेट सीमाबाट व्यवस्थापन हुनेगरी आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराएको सहमति सम्झनु पर्छ।

(ङ) "बहुवर्षीय ठेक्का" भन्नाले प्रदेश गौरवका आयोजनाको हकमा आयोजनाको अवधिभर र अन्य आयोजनाको हकमा एक आर्थिक वर्षभन्दा बढी चार आर्थिक वर्षसम्मको ठेक्का सम्झनु पर्छ।

(च) "मन्त्रालय वा निकाय" भन्नाले बहुवर्षीय आयोजनाको व्यवस्थापन गर्ने प्रदेश सरकारको विषयगत मन्त्रालय वा निकाय सम्झनु पर्छ।

(छ) "आयोजना बैंक" भन्नाले आयोजना कार्यान्वयन गर्नुपूर्व प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० का आधारमा आयोजनाको पहिचान, मूल्याङ्कन तथा विश्लेषण, छनौट र प्राथमिकीकरण प्रक्रियाद्वारा छनौट भएका र बजेट विनियोजनका लागि योग्य आयोजनाहरुको सूचीलाई सम्झनु पर्छ। सो शब्दले प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएको आयोजना सूचीलाई समेत जनाउनेछ।

(ज) "प्रदेश गौरवको आयोजना" भन्नाले आयोगको सिफारिसमा प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रूपमा तोकेको आयोजना सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

३. **आयोजना प्रस्ताव पेश गर्नेः** (१) आयोजनाको बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिका लागि मन्त्रालयले देहायको विवरण संलग्न गरी जेष्ठ मसान्त सम्ममा आयोगमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(क) अनुसूची- १ बमोजिमको आयोजना प्रस्ताव फाराम,

(ख) अनुसूची-२ बमोजिमको आयोजना सम्बन्धी विवरण,

(ग) अनुसूची-३ बमोजिमको आयोजनाको लागि बहुवर्षीय ठेक्का पूर्व स्वीकृति सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेकलिष्ट,

(घ) आयोजनाको लागत व्यहोर्ने स्रोत स्पष्ट खुलेको विवरण,

(ङ) प्रदेश आयोजना बैङ्कमा समावेश भएको पुष्टि हुने कागजात, र

(च) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरेको विवरण।

(२) उपदफा (१) बमोजिम प्रत्येक आर्थिक वर्षमा मन्त्रालयले स्रोत सुनिश्चितता माग गर्दा प्रदेश स्रोत तर्फ मन्त्रालयलाई प्राप्त कुल बजेट सीमाको चालिस प्रतिशतमा नबढ्ने गरी प्रस्ताव गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम स्वीकृतिका लागि आयोजना प्रस्ताव प्राप्त भएपछि आयोगले मूल्याङ्कन गरी बहुवर्षीय ठेक्का सहमति वा स्वीकृति प्रदान गर्न उपयुक्त देखेमा स्रोत सहमतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(४) उपदफा (३) बमोजिम प्राप्त आयोजनाका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत उपलब्धताका आधारमा स्रोत सहमति सम्बन्धमा निर्णय गरी सो को जानकारी आयोगलाई दिनु पर्नेछ।

४. <u>बहुवर्षीय ठेक्का सम्बन्धी क्षेत्रः</u> (१) देहायका क्षेत्रमा कार्यान्वयन हुने प्रदेश आयोजना बैंकमा समावेश भएका र कुल लागत अनुमान दश करोड रुपैयाँ देखि पचास करोड रुपैयाँ सम्मका वा सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा तीन करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँ सम्मको आयोजनालाई आयोगले बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न सहमति वा स्वीकृति दिन सक्नेछः-

(क) सडक, सडक पुल र अन्य यातायात पूर्वाधार,

(ख) सिँचाई, ऊर्जा तथा जलस्रोत,

(ग) प्रदेश सरकार अन्तरगतका सरकारी कार्यालय र आवास भवन,

(घ) खानेपानी तथा सरसफाई,

(ङ) धार्मिक, साँस्कृतिक र पर्यटन पूर्वाधार,

(च) खेलकुद पूर्वाधार,

(२) उपदफा (१) मा उल्लिखित सीमा भन्दा कम लागत अनुमान भएका आयोजना मन्त्रालय वा निकायले सालबसाली रूपमा कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले उपदफा (१) मा उल्लिखित सीमाभन्दा कम लागत भएका आयोजनालाई बहुवर्षीय ठेक्काको रूपमा अघि बढाउन आवश्यक ठानेमा सोको पुष्ट्याइँ सहित अनुसूची-४ र अनुसूची-५

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

बमोजिमको फाराम भरी स्रोत सहमतिको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउन सक्नेछ।

(४) मन्त्रालयबाट दफा ५ को उपदफा (२) मा उल्लिखित आधारहरू पूरा गरी स्रोत सहमतिका लागि उपदफा (३) बमोजिम लेखी आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले दफा ६ को उपदफा (१) को अधीनमा रही आवश्यकता, औचित्य र सम्भावित स्रोत उपलब्धता समेतको आधारमा स्रोत सहमति उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा (१) बमोजिमको क्षेत्रमा कार्यान्वयन हुने प्रदेश गौरवको आयोजनाको न्युनतम सीमा पचास करोड हुनेछ भने अधिकतम सीमा लागु हुने छैन।

५. <u>बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिका आधारः</u> (१) मन्त्रालयबाट दफा ३ बमोजिम सहमति वा स्वीकृतिको लागि पेश भएका आयोजनाको सम्बन्धमा आयोगले देहायका आधारमा बहुवर्षीय ठेक्काका लागि सहमति वा स्वीकृति दिन सक्नेछः

(क) प्राथमिकता निर्धारण सम्बन्धमा प्रदेश आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० को अनुसूची-३ मा व्यवस्था भए अनुसार आयोजना वा कार्यक्रमको प्राथमिकताक्रम गणना गर्ने तालिका बमोजिम प्राथमिकीकरण गरिएको,

(ख) मन्त्रालयबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इञ्जिनियरिङ्ग डिजाइन स्वीकृत भई प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरिएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) डिजाइन र निर्माण ठेक्का सम्झौता (डिजाइन एण्ड बिल्ट मोड अफ कन्ट्रायाक्ट) बाहेक अन्य ठेक्काको हकमा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय प्रतिवेदन सम्पन्न भएको,

(घ) आयोजनाको लागि अधिग्रहण गर्नु पर्ने वा प्राप्ति गर्नु पर्ने जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुङ्गिएको,

(ङ) खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना र वार्षिक खरिद योजना तयार भएको,

(च) आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको,

(छ) नेपाल सरकार वा स्थानीय तहसँगको सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात उपयुक्त भएको तथा सहलगानीको प्रतिबद्धता प्राप्त भएको।

(२) सम्बन्धित मन्त्रालयबाट दफा ४ को उपदफा (३) बमोजिम देहायका आधारहरू पूरा गरी सिफारिस सहित आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश भएका आयोजनाको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता, औचित्य र सम्भावित स्रोत उपलब्धता समेतको आधारमा बहुवर्षीय ठेक्काको स्रोत सहमति उपलब्ध गराउन सक्नेछः-

(क) मन्त्रालयबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इञ्जिनियरिङ्ग डिजाइन स्वीकृत भएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, मधेश प्रदेश

(ख) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय प्रतिवेदन सम्पन्न भएको,

(ग) आयोजनाको लागि अधिग्रहण गर्नु पर्ने वा प्राप्ति गर्नु पर्ने जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुङ्गिएको,

(घ) आगामी आर्थिक वर्षमा मध्यमकालीन खर्च संरचनामा समावेश गर्ने सुनिश्चितता उल्लेख भएको,

(ङ) खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजना तयार भएको,

(च) आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको,

(छ) नेपाल सरकार र स्थानीय तहसँगको सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात उपयुक्त भएको र सहलगानीको प्रतिबद्धता प्राप्त भएको।

(३) आयोगले बहुवर्षीय ठेक्का सहमति वा स्वीकृति दिंदा चालु आर्थिक वर्षमा विनियोजन रकमको बढीमा दश गुणासम्म ठेक्का सहमति वा स्वीकृति प्रदान गर्न सक्नेछ।

६. <u>बहुबर्षीय ठेक्काको स्रोत सहमति सम्बन्धी व्यवस्थाः</u> (१) आयोगबाट प्रस्ताव भई आएका प्रदेश गौरवका आयोजना बाहेक अन्य आयोजना वा दफा ४ को उपदफा (३) बमोजिम सम्बन्धित मन्त्रालयबाट आर्थिक मामिला तथा योजना मन्त्रालयमा स्रोत

सहमति माग भई आएका आयोजनाको हकमा सम्भावित स्रोत उपलब्धता, आवश्यकता र औचित्य समेतको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले विनियोजन रकमको बढीमा दश गुणासम्म स्रोत सहमति प्रदान गर्न सक्नेछ।

तर खण्ड खण्डमा निर्माण गर्न नसकिने वा स्रोत सुनिश्चितताको अभावमा आयोजना अधुरो रहन गई प्रदेशका लागि हानी नोक्सानी हुन सक्ने प्रकृतिका देहायका आयोजनाको हकमा यस दफामा उल्लिखित सीमा लागू हुने छैनः-

(क) मोटरेबल पुल, झोलुंगे पुल निर्माण

(ख) सरकारी भवन निर्माण

(ग) खानेपानी संरचना निर्माण

(घ) ढल व्यवस्थापन

(२) प्रदेश गौरवका आयोजना बाहेकका आयोजनाको हकमा यस मापदण्डको अधीनमा रही प्रदान गरिएको बहुवर्षीय ठेक्काको स्रोत सहमतिको अवधि बढीमा चार वर्षको हुनेछ।

(३) बहुवर्षीय ठेक्काको स्रोत सहमतिबाट आगामी आर्थिक वर्षका लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालय वा निकायलाई प्राप्त बजेट सीमा भित्रबाट इयरमार्क गरी व्यवस्थापन गर्नु पर्नेछ।

(४) मन्त्रालयले आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा प्रदेश सरकार स्रोत तर्फको कुल पूँजीगत बजेटमध्ये न्युनतम साठी प्रतिशत बजेट बहुवर्षीय आयोजना तथा कार्यक्रमको लागि गर्नु पर्नेछ।

तर बहुवर्षीय आयोजना तथा कार्यक्रमको कुल दायित्व मन्त्रालयको प्रदेश सरकार स्रोत तर्फको कुल पूँजीगत बजेटको

साठी प्रतिशत भन्दा न्यून रहेका मन्त्रालय वा निकायले नयाँ आयोजना तथा कार्यक्रममा बजेट विनियोजन गर्न बाधा पर्ने छैन।

(५) प्रस्ताव पेश गर्ने मन्त्रालय वा निकायको विनियोजित बजेट र प्रदेश सरकारको वित्तीय अवस्था समेतको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बहुवर्षीय ठेक्काको स्रोत सहमति उपलब्ध गराउन सक्नेछ।

(६) सहलगानीको आयोजनाका सम्बन्धमा प्रदेश सरकारले व्यहोर्ने अंशको लागि मात्र बहुवर्षीय ठेक्काको स्रोत सहमति प्रदान गरिनेछ।

(७) बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको नौ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो सहमति स्वतः रद्द हुनेछ।

७. <u>कार्यान्वयन गर्ने जिम्मेवारी:</u> (१) बहुवर्षीय ठेक्काका लागि स्रोत सहमति प्राप्त आयोजना सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा निकायको हुनेछ।

(२) मन्त्रालयले वा निकायले बहुवर्षीय ठेक्का स्वीकृति भएका आयोजनाका लागि वार्षिक बजेट प्रस्ताव गर्दा आगामी आर्थिक वर्षका लागि आवश्यक बजेट रकम अनिवार्य रूपमा प्रस्ताव गर्नु पर्नेछ।

(३) मन्त्रालय वा निकायले प्रत्येक वर्ष बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिको विवरण प्रदेश आयोजना बैंङ्क व्यवस्थापन सूचना प्रणाली र मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(४) बहुवर्षीय ठेक्काको सहमति वा स्वीकृति भएका आयोजनाको अनुगमन तथा मूल्याङ्कन आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित मन्त्रालयले गर्नेछ।

८. <u>स्पष्ट गर्ने अधिकार:</u> यस मापदण्डमा उल्लेख गरिएको विषयमा कुनै द्विविधा भएमा आयोगको परामर्शमा आर्थिक मामिला तथा योजना मन्त्रालयले स्पष्ट गर्न सक्नेछ।

९. <u>स्रोत सहमति स्थगन वा खारेज गर्न सकिने:</u> प्रदेश सरकारलाई प्राप्त हुने राजश्व बाँडफाँट बापतको रकम, वित्तीय समानीकरण अनुदान र आन्तरिक राजस्व प्राप्ति लक्ष्य भन्दा कम भई स्रोत व्यवस्थापनमा समस्या भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले ठेक्का वा खरिद सम्झौता भई सकेका आयोजना कार्यक्रम बाहेक अन्य आयोजना कार्यक्रम कार्यान्वयनका लागि प्रदान गरिएको स्रोत सहमति जुनसुकै बखत स्थगन वा खारेज गर्न सक्नेछ।

१०. <u>अनुसूची हेरफेर गर्न सक्ने:</u> यस मापदण्डको अनुसूचीमा कुनै हेरफेर वा थपघट गर्नु पर्ने भएमा आयोगको परामर्शमा आर्थिक मामिला तथा योजना मन्त्रालयले हेरफेर वा थपघट गर्न सक्नेछ।

११. <u>खारेजी र बचाउ:</u> (१) सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा १८ खारेज गरिएको छ। उक्त दफा बमोजिम भए गरेका कामकारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची १
(दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

प्रदेश सरकार

………………….. मन्त्रालय

आयोजना प्रस्ताव फाराम

खण्ड (क) आयोजनाको आधारभूत विवरणः

१. आयोजनाको नामः

नेपालीमाः

अङ्ग्रेजीमाः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधान अनुसन्धान प्रधान उत्पादन प्रधान

निर्माण प्रधान सुशासन प्रधान

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनौट गर्दा अपनाइएका आधारः

(क) कार्यान्वयन हुने क्षेत्रः जिल्ला निर्वाचन क्षेत्र

प्रदेश न.पा./गा.पा.

(ख) छनौटका आधारहरुः

७. आयोजनाको कुल लागतः

८. आयोजनाको अवधि(प्रस्तावित जम्मा वर्ष)

(क) शूरु हुने मितिः सम्पन्न हुने मिति

९. आयोजना कार्यान्वयन गर्ने निकायः

खण्ड (ख) आयोजनाको वित्तीय विवरण

१०. आयोजनाको कुल लागत र सो को स्रोत विवरण (रु हजारमा)

११. आयोजनाको कुल रकमको वार्षिक बाँडफाँट (रु हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |

१२. परामर्शदाता सम्बन्धी विवरण

(क) आयोजना रहने कुल परामर्शदाताको संख्याः

स्वदेशीः

विदेशीः

| आर्थिक वर्ष | अनुमानित खर्च रकम | |
|---|---|---|
| | स्वदेशी | विदेशी |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| जम्मा | | |

१३. आयोजनाको ठेक्का संख्या र रकमः

| आयोजनाको | |
|---|---|
| ठेक्का संख्या | ठेक्का रकम |
| | |

१४. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएकोः

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्ष

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्षः

१५. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषणः

(क) लागत फिर्ता अवधि

(ख) लागत लाभ अनुपात

(ग) वित्तीय प्रतिफल दर

(घ) आर्थिक प्रतिफल दर

(ङ) खुद वर्तमान मुल्य

(च) लागत प्रभावकारिता अध्ययन

(छ) सम्भाव्यता अध्ययन गर्ने निकाय

१६. वातावरणीय प्रभाव मुल्यांकनको संक्षित विवरण (नभएको भए कारण उल्लेख गर्ने)

१७. आयोजना कार्यान्वयनबाट हुने लागत र लाभको प्रकृतिः

(क) लाभान्वित हुने कुल जनसंख्याः

| महिला | बालबालिका | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) रोजगारी सिर्जना संख्या (श्रम दिन)

(ग) उत्पादनमा वृद्धि हुने अनुमानित परिमाण

(घ) क्षेत्रीय सन्तुलनमा हुने योगदान

खण्ड (ग) प्रशासनिक तथा व्यवस्थापकीय विवरणः

१८. आयोजना कार्यान्वयनमा आवश्यक पर्ने जनशक्ति व्यवस्थाः

(क) भइरहेको जनशक्तिबाट हुनेः

(ख) आवश्यक थप जनशक्तिको विवरणः

(ग) थप चाहिने जनशक्ति सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रायः

१९. आयोजनाको अनुगमन मुल्यांकन गर्ने संस्थागत व्यवस्थाः

(क) अनुगमन तथा मुल्यांकनको लागि छुट्याइएको रकमः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) दातृ संस्थाबाट गरिने अनुगमन तथा मुल्यांकन विवरणः
(ग) प्रदेश सरकारबाट गरिने अनुगमन तथा मुल्यांकनको विवरणः
(घ) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरणः

२०. आयोजनाका लागि आवश्यक प्रमुख भौतिक सामाग्रीहरुः

| सामाग्रीको नाम | एकाई | अनुमानित मुल्य रु |
|---|---|---|
| | | |
| | | |

२१. आयोजना प्रस्ताव गरिएको क्षेत्रका यस्तै प्रकारका अन्य आयोजनाहरुको विवरणः
(क) यस्तै प्रकारका सम्पन्न भइसकेका आयोजनाहरुको विवरण (सबल र दुर्बल पक्षहरु)
(ख) यस्तै प्रकारका हाल सञ्चालन भइरहेका आयोजनाको विवरणः
(ग) यस्तै प्रकृतिका अन्य आयोजना पनि सञ्चालन हुन गइरहेको भए सो को विवरणः

२२. आयोजना सम्पन्न भएपछिका लागि सञ्चालन (Phase-out Plan) सम्बन्धी व्यवस्था र आयोजनाको दिगोपना सम्बन्धी विवरणः

खण्ड (घ) आयोजनाको अवधि थप गर्नु पर्ने भएमाः

२३. आयोजनाको अवधि थप गर्नु पर्नाको कारणहरुः
(क) ......................
(ख) ......................
(ग) ......................

२४. थप अवधिमा सम्पन्न गरिने कार्य र त्यसबाट प्राप्त हुने प्रतिफलः

| क्र सं | क्रियाकलापहरु | एकाई | परिमाण | बजेट | प्रतिफल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

२५. आयोजनाको थप हुने अवधिको लागि आवश्यक पर्ने जनशक्तिः
(क) भइरहेको जनशक्तिबाट हुनेः
(ख) थप चाहिने / नचाहिनेः
(ग) थप चाहिने भए मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रायः

२६. आयोजनाको थप अवधिको लागि आवश्यक पर्ने प्रमुख भौतिक सामाग्रीः

| सामाग्रीको नाम | एकाई | अनुमानित मुल्य रु |
|---|---|---|
| | | |
| | | |

२७. आयोजनाको म्याद थप भएको अवस्थामा साविक आयोजनाबाट भए गरेका कार्य, कार्यक्षेत्र, Scope परिवर्तन तथा विस्तार (Expanision or Up-scalling) सोच तालिका/सूचक लगायतका



आन्तरिक मामिला तथा कानून मन्त्रालय, मधेश प्रदेश

कुनै कुरामा परिवर्तन हुने भए सो र आयोजनाको विद्यमान विवरणमा हुन जाने परिवर्तन विवरण उल्लेख गर्नेः

२८. आयोजना कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्या एवं सबल तथा दुर्बल पक्षहरु उल्लेख गर्नेः

२९. मध्यमकालिन खर्च संरचना (Mediem Term Expenditure Framework- MTEF) अनुरुप आयोजनाको प्राथमिकताक्रमः

(क) पहिलो प्राथमिकता

(ख) दोस्रो प्राथमिकता

३०. आयोजनाको दिगोपना र आयोजना सम्पन्न भएपछिका लागि सञ्चालन व्यवस्था (Phase out Plan)

३१. आयोजनाको म्याद थप सम्बन्धमा सम्बन्धित मन्त्रालयको रायः

<u>प्रदेश योजना आयोगले भर्नेः</u>

३२. प्रस्तावित नयाँ आयोजनाको म्याद थप प्रस्ताव आयोगको वैठकमा पेश गर्न स्वीकृति दिने पदाधिकारीको

(क) नाम

(ख) मिति

(ग) पद

३३. सम्बन्धित शाखाको रायः

(क) प्रदेश योजना आयोगबाट स्वीकृति म्याद थप गर्न सहमति दिन उचित भएको वा नभएकोः

(ख) उचित देखिनु वा नदेखिनुको कारणः

(ग) निर्णय हुनुपर्ने बुँदाः

| | | |
|---|---|---|
| तयार गर्ने | पेश गर्नेः | स्वीकृत गर्ने |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम थर | नाम थर | नाम थर |
| पद | पद | पद |
| मिति | मितिः | मितिः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

# अनुसूची—२

(दफा ३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

## **Project Information for Project Inventory and Establishment of Provincial Project Bank**

| | | |
|---|---|---|
| A. General Information | | |
| Project Name | | |
| Project ID/Code | | |
| Priority of Project | Provincial Pride Project ☐<br>Priority 1 (P1) ☐<br>Priority 2 (P2) ☐<br>Others ☐<br>(For future project, indicate only if applicable) | |
| Sector | Transport/ Urban Development/Energy/Tourism/Irrigation Infrastructure/Health/Education/ Industry/Others (Please Specify)........................ | |
| Line Ministry | | |
| Implementing Agency/Authority | | |
| Contact Person (Name, designation, contact number, email) | | |
| Project Location | Province(s)<br>District(s)<br>Municipality(s)<br>Rural Municipalitiy(s) | .................. .................. ..................<br>.................. .................. ..................<br>.................. .................. ..................<br>.................. .................. .................. |
| Project Implementation Modality | Public (GON) ☐<br><br>PPP ☐<br><br>Private Domestic (100%) ☐<br><br>Private Foreign (100%) ☐<br><br>Both (Domestic & Foreign): ☐<br><br>(Please fill in this section for both ongoing & future projects) | Funding Source<br>.................. .................. ..................<br><br>Type of PPP (BT,BOOT, EPC&F, etc)<br><br>Company Name .................. ..................<br>.................. .................. .................. ..................<br>.................. .................. ..................<br><br>Domestic ................%<br>Foreign ................% |
| B. Project Specific | | |
| B1: Brief Description on of project including salient feature<br><br>B2: Justification of project selection for implementation | Please attach brief notes in the annex for B1 & B2. | |

| | | |
|---|---|---|
| B3. Project Status | i. Under Implementation ☐<br><br>Type of Contract:<br><br>Name of Contractor:<br><br>(Please insert a brief note on current status of work)<br>ii. Future Project ☐<br><br>(Please insert a brief note on current status including name of agency/ consultant responsible for the study and the cost of study) | a) Tender and Contract phase ☐<br>b) Ongoing/under construction ☐<br>BoQ ☐<br>EPC ☐<br>Turn key ☐<br>....................................<br>....................................<br>c) Desk study ☐<br>d) Prefeasibility ☐<br>e) Feasibility ☐<br>f) DPR/DER ☐<br><br>Is Project Development Fund mechanism in place?<br>Yes ☐<br>No ☐ |
| B4: Project Implementation | i) Preconstruction Activities | (Indicae Estimated/ Actual Date) mm/yyyy |
| Schedule and Current Status | a) Required clearance and Approval for implementation form Federal/Provincial/Local government(s)<br>b) Government Support<br>If any (VGF, Guarantees, etc)<br>c) Design Completion<br>d) Tendering and Contract Award<br>d1) (Package 1)<br>d2) (Package 2)<br>d3) (Package 3)<br>d4) (Package 4)<br>.................. ..................<br>e) Other Activities (Environment clearance/ EIA, SIA, Land acquisition, etc.)<br>ii) Construction<br>a. Commencement Date Estimated and Actual<br>b. Completion Date (Estimated)<br>iii) Project Milestone and Critical Dates<br>iv) (Please insert a brief Project Implementation Schedule (PIS), if any an annex) | mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br><br><br>mm/yyyy<br><br>mm/yyyy<br>mm/yyyy<br>mm/yyyy<br><br>mm/yyyy |
| B5. Project Cost for Implementation | Original Estimate Dates of Estimate<br>Revised Estimate (if any) | Cost Estimate (USD)<br>Revised Cost Estimate (USD) |

<table>
<tr><td>B5.1 Total Project Cost</td><td colspan="2">Revised Date<br>(for Both ongoing and future projects)</td><td colspan="2">Total in USD as of date:<br>Total in NPR as of date:</td></tr>
<tr><td></td><td colspan="2">Actual Expenditure till FY<br>..................<br>(Only for ongoing project)</td><td colspan="2"></td></tr>
<tr><td colspan="5">B5.2 Is break down of cost under major heading available?<br>Yes ☐ No ☐<br>If Yes, Provide summary of cost under major headings in B5.3</td></tr>
<tr><td rowspan="7">B5.3 Summary of Cost Cost under Major Heading Headings</td><td>Cost Heading</td><td>Foreign Cost (FC) Component</td><td>Nepali Rupees (NPR) Cost Component</td><td>Total Cost in NPR</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="4">........................ ........................ ........................ ........................ ....................<br>(Please indicate bais for Conver of FC into NPR)</td></tr>
<tr><td colspan="5">C. Project Planning Arrangement</td></tr>
<tr><td>C1. Financing Structure</td><td colspan="2">Gon Share<br>Loan<br>Grants<br>Private Equity<br>Others (Mezzanines, VGF, etc)</td><td colspan="2">Percentate(%)<br>........................<br>........................<br>........................<br>........................</td></tr>
<tr><td colspan="5">C2. Project Financing Status<br>Is the financing for the Project already in place?<br>Yes ☐ No ☐<br>If Yes, please answer section C3.<br>If No, what is the proposed plan for financing arrangement for the project? (add a brief note)<br>..............................................................................................................................................<br>..............................................................................................................................................</td></tr>
<tr><td>C3. Sources of Funding</td><td colspan="2">For Government Project:<br>a) GoN<br>b) Internal Loan<br>c) External Source<br>Loan<br>Grant</td><td colspan="2">(Funding agencies and their contribution in USD)<br>Funding Agency Fund<br>........................ ........................<br>........................ ........................<br>........................ ........................</td></tr>
<tr><td></td><td colspan="2">For PPP and Privat Project<br>a) Internal Loan<br>b) External Loan<br>c) Private Equity Foreign<br>Loan<br>d) Others</td><td colspan="2">........................ ........................<br>........................ ........................<br>........................ ........................<br>........................ ........................<br>........................ ........................<br>........................ ........................</td></tr>
<tr><td colspan="5">C4. Annual Financing Requirement<br>Please provide Actual/Proposed annual financing requirements of the Project in annex.</td></tr>
<tr><td colspan="5">D. Project Viability</td></tr>
<tr><td>D1. Economic Indicators</td><td colspan="2">EIRR:<br>NPV (@Discount Rate):<br>B/C Ratio:</td><td colspan="2">........................%<br>........................</td></tr>
<tr><td>D2. Financial Indicators</td><td colspan="2">FIRR:<br>NPV (@Discount Rate):<br>B/C Ratio:<br>IRR on Equity:</td><td colspan="2">........................ %<br>........................<br>........................<br>........................</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | Payback Period | ..........................Years | |
| D3. Social Sector Indicators | Cost Effectiveness<br>Employment Rate<br>B/C Ratio | ..........................<br>..........................<br>.......................... | |
| **E. Land Acquisition status & Resettlement (Fill in this part only if land acquisition & resettlement is required)** | | | |
| | Required land (Ha) | Total acquired land till dates (Ha) | Remaining land to be acquired (Ha) |
| | | | |
| E1. Land Acquisition Status<br>a) Government Land<br>i. Forest<br>ii. Others (Please specify)<br>b) Guthi Land<br>c) Private Land<br>d) Other (Please specify) | | | |
| E2. For remaining land to be acquired, please mention the target date to acquire: mm/yyyy<br>Please indicate issues in remaining land acquisition (if any): ........................ ........................ ........................<br>........................ ........................ ........................ ........................ ........................ ........................ ........................<br>................................................ ........................ ........................ ........................................................................ | | | |
| **E3. Resettlement Plan for Project Affected Families (PAFs)** | No of affected households (HHs) | No. of HHs relocated/resettled | No. of remaining HHs to be relocated/ resettled. |
| | | | |
| F. Target Beneficiaries | | | |
| | Direct (Number of Household) | | Number and type of people who will benefit directly from the project. |
| | | | |
| | | | |
| | Direct (Number of Household) | | Number and type of people who will benefit indirectly from the project. |
| | | | |
| | | | |
| G. Outcomes and Deliverables | | | |
| | Indicate final outcomes for the project in the form of measurable indicators which can be used for impact assessment /evaluation after the project is complete. | | Identity the key outcomes (physical, financial, etc.) and pieces of work that need to be undertaken. |
| | | | |
| H. Risk and Issues | | | |
| | Risks<br><br>Key Issues | | Mention key risk & issues identified for project implementation and successful completion (In 1-3 major risks & issues). |

I. Basis of Project Selection

Is this Project/Scheme part of any master plan of the Sector?

Yes ☐ NO ☐

If Yes,

i. Please submit available Master Plan Document.
ii. Has the Master Plan Document been approved? ☐ No ☐
iii. Ifs Yes, Name the approving Authority and date
    Approving Authority:
    Approval Date:

If No,

i. On what basis (selection criteria) is the project selected (include brief note)?
   .................. .................. .................. .................. ..................
ii. Is the project derived from National Periodic Plan or any other strategic document that establishes development priorities at appropriate government authority (include brief note)?
   .................. .................. .................. .................. .................. .................. .................. ..................
iii. Is there any plan to develop Master Plan of the sector?
   .................. .................. .................. .................. .................. .................. .................. ..................
iv. If yes, be which date?
   .................. .................. .................. .................. .................. .................. .................. .................. ..................

| | | |
|---|---|---|
| J. Remarks (if any) | | |
| K. From Received Date and Document Status | | |
| To be filled in by the NPC | Document Received Date | dd/mm/YYYY |
| To be filled in by the NPC | Document Received (Select) | Concept Paper<br>Executive Summary<br>Feasibility Report<br>DPR<br>Other |
| To be filled in by the NPC | Remarks | |

# अनुसूची ३

(दफा ३ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

आयोजनाको लागि बहुवर्षीय ठेक्का पूर्व स्वीकृति सम्बन्धमा आवश्यक आधार पुरा गरेको चेकलिष्ट

| क्र सं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रुपमा स्वीकृत गरेका आयोजना | | | |
| २ | प्राथमिकता निर्धारण सम्बन्धमा **प्रदेश आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८०** को अनुसूची-३ मा व्यवस्था भए अनुसार आयोजना वा कार्यक्रमको प्राथमिकताक्रम गणना गर्ने तालिका बमोजिम प्राथमिकीकरण गरिएको, | | | |
| ३ | प्रदेश आयोजना बैंकमा समावेश भएका र कुल लागत अनुमान दश करोड रुपैयाँ देखि पचास करोड रुपैयाँ सम्मका वा सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा तीन करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँ सम्मको आयोजना | | | |
| ४ | बहुवर्षीय ठेक्कामा जाने आयोजनाको ठेक्काको समय सीमा कम्तीमा दुई वर्ष भएको | | | |
| ५ | सम्बन्धित मन्त्रालयबाट वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइन स्वीकृत भई प्रदेश आयोजना बैंङ्क व्यवस्थापन सूचना प्रणालीमा सम्पुर्ण विवरणहरु प्रविष्ट गरी स्वीकृत भएको | | | |
| ६ | आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन / प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको कार्य सम्पन्न भएको | | | |
| ७ | आयोजनाको लागि जग्गा प्राप्तिको सुनिश्चितता भएको | | | |
| ८ | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको | | | |
| ९ | वैदेशिक सहायता संलग्न भएको आयोजनाको हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको | | | |
| १० | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मुल्यांकन योजना, वार्षिक खरिद योजना तयार भएको | | | |
| ११ | संघ, प्रदेश र स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा तथा सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको। | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| १२ | प्रदेशस्तरीय अनुगमन तथा मुल्यांकन दिग्दर्शन, २०८० ले निर्धारण गरे बमोजिम अनुगमन तथा मुल्यांकन व्यवस्था सुनिश्चित भएको। | | | |

| | | |
|---|---|---|
| तयार गर्नेः | पेश गर्नेः | स्वीकृत गर्ने |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम थरः | नाम थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश

## अनुसूची ४

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

### प्रदेश सरकार

........................ मन्त्रालय

आयोजनाको बहुवर्षीय ठेक्काको स्रोत सहमति माग प्रस्ताव फाराम

**खण्ड (क) आयोजनाको आधारभूत विवरणः**

१. आयोजनाको नामः

नेपालीमा

अङ्ग्रेजीमा

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधान　　अनुसन्धान प्रधान　　उत्पादन प्रधान

निर्माण प्रधान　　सुशासन प्रधान

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनौट गर्दा अपनाइएका आधारः

(क) कार्यान्वयनको क्षेत्र　　जिल्ला　　निर्वाचन क्षेत्र

प्रदेशः　　न पा/गा पाः

(ख) छनोट आधारः

७. आयोजनाको कुल लागतः

८. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष)

(क) शुरु हुने मितिः

(ख) सम्पन्न हुने मितिः

९. आयोजना कार्यान्वयन गर्ने निकायः

**खण्ड (ख) आयोजनाको वित्तीय आर्थिक विवरणः**

१०. आयोजनाको कूल लागत र स्रोतको विवरण (रु हजारमा)

११. आयोजनाको कूल रकमको वार्षिक बाँडफाँट (रु हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |

१२. मन्त्रालयबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइनको संक्षिप्त विवरणः

१३. आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको संक्षिप्त विवरणः

१४. आयोजनाको खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, र वार्षिक खरिद योजनाको विवरणः



आन्तरिक प्रदेश

१५. प्रदेश सरकारसँग सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको विवरणः

१६. वैदेशिक सहायता संलग्न भएको आयोजनाको हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको विवरणः

| तयार गर्ने | पेश गर्ने | स्वीकृत गर्ने |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः | नाम थरः |
| पदः | पदः | पदः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश

अनुसूची ५

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

प्रदेश सरकार

........................ मन्त्रालय

आयोजनाको लागि बहुवर्षीय ठेक्काको स्रोत सहमति माग गर्दा आवश्यक आधार पुरा गरेको चेकलिष्ट

| क्र सं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | मन्त्रालयबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइन स्वीकृत भएको | | | |
| २ | आयोजना कार्यन्वयन स्थलको साइट क्लीयरेन्स भएको | | | |
| ३ | आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको कार्य सम्पन्न भएको | | | |
| ४ | आयोजनाको जग्गा प्राप्तिको सुनिश्चितता भएको | | | |
| ५ | वैदेशिक सहायता संलग्न भएको आयोजनाको आयोजनाको हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको | | | |
| ६ | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजना तयार भएको। | | | |
| ७ | प्रदेश सरकारसँगको सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको | | | |

| तयार गर्ने | पेश गर्ने | स्वीकृत गर्ने |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः | नाम थरः |
| पदः | पदः | पदः |

**स्वीकृत मितिः- २०८०/१२/२६**

**आज्ञाले,**
**खगेन्द्र खड्का**
**नि. प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश